मोहन्याल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मोहन्याल-४, खिमडी, कैलाली
सुदूरपश्चिम प्रदेश,नेपाल

# मोहन्याल गाउँपालिकाको

## स्वास्थ्य ऐन, २०७८

मोहन्याल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खिमडी, कैलाली
सुदुरपश्चिम प्रदेश, नेपाल
२०७८

Scanned with CamScanner

# मोहन्याल गाँउपालिका स्वास्थ्य ऐन, २०७८

प्रमाणीकरण मिति : २०७८/१२/०८ गते

प्रस्तावनाः

नेपालको संविधानले स्वास्थ्यलाई मौलिक हकको रुपमा अङ्गिकार गर्दै प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने मौलिक हकको प्रत्याभूति गर्दै स्वास्थ्य सेवा सबैको समान पहुँचको व्यवस्था गर्ने, कसैलाई पनि आकस्मिक सेवाबाट बञ्चित नगरिने, प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हकको व्यवस्था गरे अनुसार नागरिकलाई स्वस्थ बनाउन राज्यले स्वास्थ्य क्षेत्रमा लगानी बृद्धि गर्दै गुणस्तरीय तथा सर्वसुलभ स्वास्थ्य सेवामा समान पहुँच बढाउँदै सबैको स्वस्थ जीवन प्रत्याभूत गरी दिगो विकास सुनिश्चित गर्नु पर्ने दायित्व अनुरुप आधारभूत स्वास्थ्य र सरसफाई सेवा प्रदान गर्ने कार्यमा गाउँपालिकाको जिम्मेवारी प्रमुख रही आएको र सो को व्यवस्थापनमा स्पष्ट कानुनी व्यवस्था गरी कार्य सम्पादन गर्न वाञ्छनीय भएकोले, "नेपालको संविधान २०७२" को धारा २२१ अनुसार सोही संविधानको अनुसूची ८ को सूची नं. ९ र १० का अधिकारहरुलाई कार्यान्वयन गर्न तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २०१ उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मोहन्याल गाउँपालिकाको कार्यपालिकाले यो ऐन बनाएको छ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस ऐनको नाम "मोहन्याल गाउँपालिका स्वास्थ्य ऐन, २०७८" रहेको छ।

(ख) मोहन्याल गाउँपालिका गाउँ सभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) " ऐन" भन्नाले मोहन्याल गाउँपालिकाको स्वास्थ्य ऐन २०७८ लाई सम्झनु पर्छ।

(ख) "संघीय ऐन" भन्नाले स्वास्थ्य सम्बन्धी संघीय संसदले बनाएको ऐनलाई बुझ्नुपर्दछ।

(ग) "कार्यपालिका" भन्नाले मोहन्याल गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनुपर्छ।

(घ) "सरकारी वा सामुदायिक" भन्नाले सरकारी तथा सामुदायिक स्वामित्वमा संचालन भएका स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ।

(ङ) "निजी" भन्नाले सेवाको सँगसँगै नाफाको समेत उद्देश्य राखी संचालन हुने स्वास्थ्य संस्था सम्झनु पर्दछ।

(च) "ट्रष्ट वा लोक कल्याणकारी" भन्नाले ट्रष्ट लोक कल्याणकारी संस्थाहरुको मार्फत संचालन हुने स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ।

Scanned with CamScanner

(छ) "अनुगमन समिति" भन्नाले दफा ५ अनुसार गाउँपालिकामा गठित स्वास्थ्य अनुगमन समितिलाई सम्झनु पर्दछ ।

(ज) "व्यवस्थापन समिति" भन्नाले दफा ६ अन्तर्गत बनेका स्वास्थ्य संस्थाहरुको व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

(झ) "स्वास्थ्य संस्था" भन्नाले सरकारी स्तरबाट संचालित अस्पताल, स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य सेवा केन्द्रलाई सम्झनु पर्दछ ।

## परिच्छेद : २

## आधारभूत स्वास्थ्य सेवा प्रदायक र व्यवस्थापन सम्बन्धी व्यवस्था

३. स्थानीय स्तरमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा प्रदायकहरु ३ प्रकारका हुनेछन् ।

(क) सरकारी वा सामुदायिक : सरकारी तथा सामुदायिक स्वामित्वमा संचालन भएका अस्पताल, स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य सेवा केन्द्र, आयूर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्र, गाउँघर क्लिनिक, सरकारी वा सामुदायिक स्वास्थ्य सेवा प्रदायक संस्था हुनेछन् ।

(ख) निजी क्षेत्रद्वारा संचालित अस्पताल, नर्सिङहोम, पोलिक्लिनिक वा क्लिनिक, प्रयोगशाला, फार्मेसीहरु, निजी स्वास्थ्य सेवा प्रदायक संस्था हुनेछन् ।

(ग) ट्रष्ट वा लोक कल्याणकारी संस्थाहरुको अधिनस्थ: ट्रष्ट वा लोक कल्याणकारी संस्थाहरुको मार्फत संचालन हुने अस्पताल, स्वास्थ्य केन्द्र, घुम्ती क्लिनिक यस अन्तर्गत पर्दछ ।

४. **स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड:**

स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड संघीय सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

**५. मोहन्याल स्वास्थ्य समिति गठन, काम, कर्तव्य र अधिकार :**

(१) मोहन्याल स्वास्थ्य तथा सरसफाई कार्यक्रमहरुको उचित व्यवस्थापन गर्न देहाय बमोजिमको स्थानीय स्वास्थ्य सेवा तथा सरसफाई समन्वय समिति गठन गरिनेछ ।

(क) गाउँपालिका अध्यक्ष वा गाउँपालिका अध्यक्षले तोकेको गाउँ कार्यपालिका सदस्य – संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत प्रतिनिधि – सदस्य

(ग) एक जना महिला सहित कार्यपालिकाले तोकेको २ जना – सदस्य

(घ) स्वास्थ्य संस्था प्रमुखहरु मध्येबाट २ जना –सदस्य

(ङ) महिला स्वास्थ्य स्वयंसेवीका संजाल गाउँपालिका संयोजक वा प्रतिनिधि – सदस्य

(च) स्वास्थ्य शाखा प्रमुख – सदस्य सचिव

(२) **स्थानीय स्वास्थ्य समिति काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ ।**

(क) आफ्नो कार्य क्षेत्र भित्रको स्वास्थ्य योजना तयार गर्ने ।

Scanned with CamScanner

(ख) गाउँपालिकाका क्षेत्र भित्र स्वास्थ्य संस्था सञ्चालनका लागि अनुमती, स्वीकृति सम्बन्धी गाउँपालिकालाई आवश्यक राय प्रदान गर्ने ।

(ग) स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजग बनाउने ।

(घ) स्वास्थ्य संस्थाहरुको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने गराउने ।

(ङ) स्वास्थ्य संस्थाहरुको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने ।

(च) स्वास्थ्य विशेषज्ञहरु र स्वास्थ्य सेवा प्रदायकहरुको सूची अद्यावधिक तथा प्रकाशन गर्ने ।

(छ) स्वास्थ्य सेवाको पहुँच भन्दा बाहिर रहेका समुदायको पहिचान गरी सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रबन्ध गर्ने ।

(ज) गाउँ कार्यपालिकालाई स्वास्थ्य क्षेत्रमा आवश्यक सुझाव र सल्लाह दिने ।

(झ) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

**६. स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति गठन, काम, कर्तव्य र अधिकार**

(१) सामुदायिक अस्पताल तथा प्राथमिक स्वास्थ्य केन्द्र वा स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र, सामुदायिक स्वास्थ्य ईकाइ (स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति) व्यवस्थापनका लागि देहाय बमोजिम सदस्य रहने गरी हरेक संस्थाका छुट्टाछुट्टै स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति गठन गरिने छ ।

(क) गाउँपालिका अध्यक्ष – संरक्षक

(ख) सम्बन्धित वडा प्रमुख – अध्यक्ष

(ग) स्वास्थ्य क्षेत्रमा क्रियाशिल मध्ये वडा समितिबाट मनोनित महिला १ जना – उपाध्यक्ष

(घ) स्वास्थ्य संस्था रहेको क्षेत्रको विद्यालयका प्रमुख वा प्राचार्य मध्येबाट १ जना महिला – सदस्य

(ङ) स्थानीय व्यापार सघंको प्रतिनिधि १ जना – सदस्य

(च) सम्बन्धित वडाको वडा सचिव – सदस्य

(छ) महिला स्वास्थ्य स्वयंसेविका मध्येबाट १ जना – सदस्य

(ज) स्वास्थ्य संस्था नजिकको विद्यालयबाट १ जना किशोर र १ जना किशोरी गरी २ जना – आमन्त्रित सदस्य

(झ) सम्बन्धित स्वास्थ्य संस्थाको प्रमुख – सदस्य सचिव

**(२) स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको काम कर्तव्य निम्नानुसार हुनेछन् :**

(क) आफ्नो स्वास्थ्य संस्थाको वार्षिक योजना बनाई सम्बन्धित वडा समिति मार्फत गाउँपालिकामा पेश गर्ने ।

(ख) व्यवस्थापन समितिको नियमित बैठक गर्ने, स्वास्थ्य संस्थामा परेको समस्याहरुको समाधानमा आवश्यक कार्य गर्ने ।

(ग) वार्षिक समिक्षा, सामाजिक परीक्षण जस्ता मूल्याङ्कनका कार्यक्रम संचालन गर्ने ।

(घ) सम्बन्धित स्वास्थ्य संस्थाका कर्मचारीको प्रभावकारी परिचालनको लागि सहजीकरण गर्ने ।

(ङ) स्वास्थ्य घुम्ति शिविरहरु संचालन गर्न सम्बन्धित निकायहरुमा समन्वय गर्ने तथा व्यवस्थापन गर्ने ।

Scanned with CamScanner

(च) केन्द्र, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धी कार्यक्रम तथा अभियानहरुलाई सफल पार्न आवश्यक कार्य गर्ने ।

**७. बैंक खाता संचालन: हरेक स्वास्थ्य संस्थाले बैंक खाता खोल्न सक्नेछ :**

(१) स्वास्थ्य संस्थाको बैंक खाता व्यवस्थापन समितिका अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको लेखा व्यवस्थापन र लेखा परीक्षण गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद: ३

स्वास्थ्य संस्था स्थापना र सञ्चालन सम्वन्धी मापदण्ड

**८. अस्पताल तथा स्वास्थ्य संस्था सञ्चालन मापदण्ड :**

(१) अस्पताल: गाउँपालिका आफैले तोकिएको मापदण्डमा १५ शैय्यासम्म क्षमताको अस्पताल संचालन गर्न सक्नेछ । यस्तो अस्पताल संचालन गर्न गाउँपालिकाले अस्पताल संचालन नियमावली तर्जुमा गरी संचालन गर्ने छ ।

(२) स्वास्थ्य चौकी : गाउँपालिकाले प्रत्येक वडा अर्थात् जनसंख्याको अनुपातमा कम्तीमा देहायका पूर्वाधार पुरा गरी स्वास्थ्य चौकी संचालन गर्नुपर्नेछ ।

(क) जनशक्ति : छैठौ/पाँचौ/चौथो तह हे ई ३ जना, पाँचौ/चौथो तह नर्सिंग २ जना, आवश्यकता अनुसार अन्य सहायक कर्मचारीहरु ।

(ख) भवन कोठा: प्रशासन कक्ष, औषधी भण्डारण तथा वितरण कक्ष, प्राथमिक उपचार कक्ष जस्ता सुविधा सहितको भवन

(ग) उपकरण : प्राथमिक उपचारका आधारभूत उपकरण

(३) गाउँपालिका क्षेत्र भित्र जडिबुटी, प्राकृतिक चिकित्सा, योगा ध्यान लगायतका रोकथाम मुलक र वैकल्पिक चिकित्सा सेवाको प्रवर्द्धनका लागि समुदाय वा ट्रष्टहरुसँगको साझेदारीमा वा गाउँपालिका आफैंले कम्तीमा एउटा आयूर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्रको स्थापना र सञ्चालन गर्नुपर्नेछ ।

**९. निजी क्षेत्रले अस्पताल संचालन गर्न सक्ने**

(१) गाउँपालिका क्षेत्रभित्र निजी क्षेत्र तथा ट्रष्ट वा लोक कल्याणकारी संस्थाद्वारा अस्पताल संचालन गर्न चाहेमा १५ शैय्यासम्मको संचालन अनुमती गाउँपालिकाले दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अस्पताल संचालन गर्न चाहने निकायले अनुमतीको लागि तोकिएको ढाँचामा गाउँपालिकामा निवेदन दिनु पर्नेछ ।

(३) स्वास्थ्य अनुगमन समितिले प्राप्त निवेदन उपर छलफल तथा आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल संचालनको स्वीकृती प्रदान गर्न सक्ने गरी आशय पत्र प्रदान गर्न गाउँ कार्यपालिकालाई सिफारिस गर्नेछ ।

Scanned with CamScanner

(४) उपदफा (३) को आधारमा गाउँ कार्यपालिकाले ६ महिनाको समय भित्र तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल संचालनको स्वीकृती प्रदान गर्न सकिने प्रकारको आशय पत्र प्रदान गर्नेछ ।

(५) तोकिएको समय सीमा भित्र यसै कार्यविधि बमोजिम तोकिएको पूर्वाधार तयार गरी स्वीकृतीका लागि गाउँ कार्यपालिकामा निवेदन दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको निवेदन उपर आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेको ठहर भएमा अस्पताल संचालनको अनुमती प्रदान गर्न सक्नेछ ।

(७) आशय पत्रमा उल्लेख गरिएको समय सिमा भित्र तोकिएको मापदण्ड पुरा गरेको नपाईएमा स्वीकृति प्रदान सकिनेछ ।

**१०. अस्पताल संचालन गर्न आवश्यक मापदण्ड:**

गाउँपालिकाको स्वीकृतीमा संचालन हुने अस्पतालहरुले देहाय अनुसारको मापदण्ड पुरा गर्नुपर्नेछ ।

(१) जनशक्ति : कम्तिमा ४ जना एमविविएस डाक्टर, कम्तीमा ८ जना स्टाफ नर्स, हेल्थ असिस्टेन्ट ४ कम्तीमा, २ जना ल्याव टेक्निसियन र आवश्यकता अनुसार सहायक र सहयोगी स्वास्थ्य कर्मी हुनुपर्ने ।

(२) भवन तथा कोठा: दर्ता चलानी, बहिरंग सेवा, इमर्जेन्सी कक्ष, प्रयोगशाला, भर्ना भएका बिरामी राख्ने क्याविन, नर्सिङ कक्ष, प्रशासन कक्ष, पार्किङ

(३) उपकरण र पूर्वाधार : सडक नेटवर्कले जोडिएको, एम्बुलेन्स सेवाको उपलब्धता, बिरामी राख्ने बेड र लाइफ सपोर्ट सिष्टम, २४ घण्टा विद्युत र खानेपानी सेवा भएको, अक्सिजनको व्यवस्था, चिकित्साजन्य फोहर व्यवस्थापनको प्रणाली भएको हुनुपर्ने ।

**११ .पोलिक्लिनिक संचालनको अनुमती :**

(१) गाउँपालिकाको कार्यक्षेत्रमा कुनै व्यक्ति वा संस्थाले पोलिक्लिनिक संचालन गर्न चाहेमा तोकिएको मापदण्ड पुरा गरी स्वीकृती लिनु पर्नेछ ।

**१२. प्रयोगशाला वा ल्याबोरेटोरी संचालन :**

व्यक्ति वा कुनै संस्थाले प्रयोगशाला वा ल्यावोरेटोरी संचालन गर्न चाहेमा देहाय बमोजिमको विवरण सहित गाउँपालिकाबाट स्वीकृती लिनु पर्नेछ ।

(१) संचालकको विवरण र नागरिकताको प्रमाणपत्र

(२) प्रयोगशाला वा ल्याबोरेटोरी संचालन गर्ने स्थान, घरधनी र संचालक बीचको घरभाडा सम्बन्धी संझौता पत्र

(३) रेडियोलोजी वा प्याथोलोजी विषयमा न्यूनतम अध्ययन ३ वर्ष गरेको व्यक्तिको प्रमाणपत्र र काम गर्न इच्छुक भएको पत्र

(४) ल्याबमा उपलब्ध हुने परीक्षणको प्रकार

(५) ल्याबमा प्रयोग हुने न्यूनतम उपकरणहरुको विवरण

(६) प्रस्तावित लागत

Scanned with CamScanner

**१३ फार्मेसी संचालनको अनुमती :**

(१) गाउँपालिका क्षेत्र भित्र फार्मेसी संचालन गर्न चाहेमा गाउँपालिकाबाट अनुमति लिनु पर्नेछ।

(२) आधारभूत फार्मेसी शिक्षा प्राप्त व्यक्ति सन्चालक रहने गरी फार्मेसी सन्चालन गर्ने स्थान, विक्री वितरण गर्ने औषधीका प्रकारहरु र प्राथमिक उपचार सेवाको विवरण आवेदनमा खुलाउनु पर्ने।

(३) फार्मेसी सन्चालनमा रहने मुख्य सन्चालक र सहायक कर्मचारीहरुको विवरणहरु शैक्षिक प्रमाण पत्र, नागरिकता र अन्य प्रमाणपत्रका प्रतिलिपीहरु पेश गर्नु पर्नेछ।

**१४. मापदण्ड पुरा नगरेमा सजाय हुने :**

(१) स्वास्थ्य संस्था, प्रयोगशाला, फार्मेसी जस्ता स्वास्थ्य सेवा संचालनको स्वीकृती लिंदा तोकिएको मापदण्ड पुरा नभएको तर झुक्याएर विवरण दिएको वा अस्थायी रुपमा मापदण्ड पुरा गरेको पाइएमा अनुगमन समितिले अनुगमन गरी सचेत गराउने, जरिवाना गराउने तथा स्वीकृती खारेजीको लागि गाउँपालिकामा सिफारिस गर्न सक्नेछ।

(२) प्रयोगशालामा तालिम प्राप्त ल्याव टेक्निसियन बाहेकका व्यक्तिले रगत, दिशापिसाव, खकार लगायतको परिक्षणमा संलग्न भएको पाइएमा त्यस्तो प्रयोगशाला बन्द गराउन सक्ने, सन्चालकलाई कालोसूचीमा राखी सो को आम जनतालाई जानकारी दिइने।

(३) फार्मेसीको हकमा दर्तावाला सन्चालक र सहयोगी बाहेक अरुले औषधी बेचेको पाइएमा सचेत गराउने, जरिवाना तिराउने देखि अनुमति खारेज गर्न सकिने।

**१५. सहुलियत र छुटको व्यवस्था गर्नु पर्ने :**

निजी लगानी र ट्रष्ट मार्फत सन्चालनमा आएका स्वास्थ्य संस्थाहरुले स्वास्थ्य परीक्षणका क्रममा लाग्ने शुल्क गाउँपालिकाको सिफारिसमा निश्चित प्रतिशत सेवाग्राहीहरुका लागि छुट वा मिनाहा दिनु पर्नेछ।

**परिच्छेद :४**

स्वास्थ्य सेवा प्रदायक तथा स्वास्थ्य सेवा सम्बन्धी व्यवस्था

**१६.स्वास्थ्य सेवा प्रदायकको व्यवस्थापन:**

गाउँपालिका भित्रका सामुदायिक स्वास्थ्य संस्थाहरु मार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि ४ प्रकारका स्वास्थ्य सेवा प्रदायक रहने छन्:

(१) स्थायी : नेपाल सरकारको लोकसेवाको प्रकियाबाट पदस्थापन भएका, स्वास्थ्य सेवाबाट समायोजन वा सरुवा वा काज भई आएका स्वास्थ्यकर्मीहरु

(२) करार : स्थानीय माग र विशिष्टताका आधारमा गाउँपालिका मार्फत करार सेवामा भर्ना गरिएका स्वास्थ्यकर्मीहरु

(३) अभ्यासकर्ता : स्थानीय स्तरमा खुलेका स्वास्थ्य अध्ययन संस्थानमा अध्ययनरत विद्यार्थीहरु एवं गाउँपालिकाको आंशिक वा पूर्ण छात्रवृत्तिमा अन्यत्र गई स्वास्थ्य शिक्षा अध्ययन गरेका विद्यार्थीहरुलाई

Scanned with CamScanner

अभ्यासकर्ता स्वास्थ्यकर्मीको रुपमा गाउँपालिकाले भर्ना गर्न सक्नेछ । यस्ता अभ्यासकर्तालाई बढीमा १ वर्षको लागि भर्ना गर्न सकिनेछ ।

(४) महिला स्वास्थ्य स्वयंसेविकाहरु

**१७.महिला स्वास्थ्य स्वयंसेविकाको व्यवस्था:**

स्वास्थ्य सेवालाई घरघरको पहुँचमा पुऱ्याउन र जनचेतना फैलाउन गाउँपालिकाले महिला स्वास्थ्य स्वयंसेविकाहरु नियुक्त गर्न सक्नेछ ।

(१) महिला स्वयंसेविका नियुक्तिका लागि २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको, शैक्षिक योग्यता केन्द्र सरकारको न्युनतम १० कक्षा अध्ययन गरेको हुनुपर्ने भएतापनी मोहन्यालको भुगोलको हिसाबले नयाँ नियुक्त गर्दा कम्तिमा ८ कक्षा उत्तीर्णलाई नियुत्त गर्न सकिने छ र सम्वन्धित वडाको विवाहित नागरिक हुनुपर्नेछ ।

(२) एउटा वडामा अधिकतम संख्या १० हुने गरी औसत प्रति ३०० जनसंख्याको लागि १ जना महिला स्वयंसेविकाको सिफारिस वडा समितिले गाउँपालिका समक्ष गर्न सक्नेछ ।

(३) प्रत्येक स्वयंसेविका र अभियानकर्ताहरुले आधारभूत स्वास्थ्य सम्बन्धी १८ दिनको तालिम प्राप्त गरेको हुनुपर्नेछ । गाउँपालिका र स्वास्थ्य संस्थाहरुले आवश्यकता अनुसार तालिम अभिमुखीकरण प्रदान गर्नेछन् ।

(४) यस ऐन लागु हुनुभन्दा पहिले देखि नै कार्यरत महिला स्वयंसेविकाहरु मध्ये निरक्षर र ६० वर्ष उमेर पुगेकालाई प्रोत्साहन भत्ताको व्यवस्था गरी विदाई गरिनेछ र नयाँ नियुक्त गर्दा कम्तिमा ८ कक्षा उत्तीर्णलाई मात्र नियुक्ति दिइनेछ ।

(५) महिला स्वयंसेविका नियुक्ति भइसके पश्चात कुनैपनि सरकारी निकाय, संघसंस्थान, विद्यालय, स्वास्थ्य केन्द्र तथा अन्य निकायमा पारिश्रमिक लिने गरी दोहोरो जिम्मेवारी लिन पाइने छैन । यदि यस्तो कार्य गरीएको पाइएमा स्वतः महिला स्वयंसेविकाको जिम्मेवारी बाट हटाइने छ ।

(६) यदि कुनै महिला स्वयंसेविका आफु कार्यरथ क्षेत्र बाट अन्यत्र बसाइसरी वा कार्य क्षेत्र भन्दा अन्यत्र बसोबास गरेमा उक्त क्षेत्रमा नया महिला स्वयंसेविका नियुत्त गर्न सकिने छ ।

**१८. स्वास्थ्यकर्मीको सेवा सुविधा :**

(१) स्थायी स्वास्थ्यकर्मी: नेपाल सरकारले तोके स्केल बमोजिम तलब र गाउँ कार्यपालिकाले तोके बमोजिमको अन्य सेवा ।

(२) करार स्वास्थ्यकर्मी : प्रचलित तलब स्केल र दुई पक्ष बीचको समझदारीमा भएको करार सम्झौता बमोजिमको सेवा सुविधा उपलब्ध गराउन सकिनेछ ।

(३) महिला स्वास्थ्य स्वयंसेविका : पोशाक, वार्षिक रुपमा सञ्चार खर्च, स्वास्थ्य संस्थालाई आवश्यकता परेको बखत काममा खटाइएमा सो दिनको पारिश्रमिक, स्वास्थ्य सेवा सम्बन्धी अभियानमा खटाईएको समयमा दिइने पारिश्रमिक जस्ता सुविधाहरु उपलब्ध गराउन सकिनेछ ।

Scanned with CamScanner

## १९. स्वास्थ्यकर्मीको दरवन्दी निर्धारण र नियुक्ति :

सामुदायिक वा सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्यकर्मीको दरवन्दी गाउँसभाले निर्धारण गर्नेछ ।

(१) दरवन्दी अनुसारका पदहरुमा नेपाल सरकारबाट समायोजन भई आएका स्थायी स्वास्थ्यकर्मीहरु रहने छन् । समायोजनमा नआएका कर्मचारीहरुको हकमा गाउँपालिकाले करारमा स्वास्थ्यकर्मी नियुक्ति गर्न सक्नेछ ।

(२) सामुदायिक वा सरकारी स्वामित्वमा रहेका स्वास्थ्य संस्था वा स्वास्थ्य चौकी तथा आधारभुत स्वास्थ्य सेवा केन्द्रमा श्रेणी वा तहगत रुपमा वरिष्ठताका आधारमा प्रमुख हुनेछ ।

(३) स्वास्थ्य संस्थामा कायम भएको रिक्त दरबन्दी पदमा करार नियुक्ति गर्नु पर्ने भएमा करार नियुक्ति सम्बन्धी व्यवस्था देहाय बमोजिमको छनौट समितिबाट हुनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी - संयोजक

(ख) गाउँपालिका अध्यक्षले तोकेको अधिकृत स्तरको – कर्मचारी सदस्य

(ग) गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख – सदस्य सचिव

(४) छनौट समितिले आफ्नो मापदण्ड आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## २०. कर्मचारी सरुवा :

(१) स्थायी स्वास्थ्यकर्मीको हकमा निजले कुनै एक स्वास्थ्य संस्थामा अधिकतम ५ वर्ष सेवा गरे पश्चात् अर्को स्वास्थ्य संस्थामा सरुवा हुनुपर्नेछ । विशेष परिस्थिती बाहेक न्यूनतम ३ वर्ष एउटै स्वास्थ्य संस्थामा कार्य गरेपछि मात्र सरुवा हुनेछ ।

(२) विशेष अवस्थामा बाहेक न्यूनतम ३ वर्ष एकै स्वास्थ्य संस्थामा कार्यरत स्थायी कर्मचारीले अर्को स्वास्थ्य संस्थामा सरुवा हुन चाहेमा गाउँपालिकामा सरुवाका लागि निवेदन दिन सक्नेछन् । यसरी प्राप्त निवेदनका आधारमा गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका कुनै पनि स्वास्थ्य संस्थामा सरुवा गर्न सक्नेछ ।

(३) विशेष अवस्था भन्नाले निज सो संस्थामा रहन नसक्ने, विषयगत दरवन्दी आवश्यक नरहेको, स्वास्थ्य समस्या, पति पत्नी सँगै रही सेवा गर्न पाउने अवस्था वा अन्य चित्त बुझ्दो कारण समेत बुझिनेछ ।

## २१. कार्य सम्पादन करार सम्झौता गर्नुपर्ने :

स्वास्थ्य सेवालाई बनाउन देहाय अनुसार कार्य सम्पादन करार सम्झौताको प्रकृया अवलम्बन गर्नुपर्नेछ ।

(१) गाउँपालिका अध्यक्षको रहोवरमा प्रमुख प्रशासकीय अधिकृतले स्वास्थ्य शाखा प्रमुखसँग, उक्त अधिकृतले स्वास्थ्य संस्थाका प्रमुखहरुसँग प्रमुखले कर्मचारीहरुसँग कार्य सम्पादन करार सम्झौता गर्नुपर्नेछ ।

(२) कार्य सम्पादन करार सम्झौता १ वर्षको हुनेछ । करार अनुसार काम भए नभएको मूल्यांकन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा तयार गरी कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

Scanned with CamScanner

(३) वार्षिक कार्यसम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य स्वास्थ्य अनुगमन समितिले तयार गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

**२२. कार्य सम्पादन मूल्यांकन र सजाय तथा पुरस्कार**

(१) कार्यसम्पादन करार भएका कर्मचारीहरुको कार्यसम्पादन क्षमताको आधारमा मूल्याकंन गरी कार्यसम्पादनमा राम्रो नतिजा हासिल गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने कर्मचारीलाई दण्डित गर्नु पर्दछ ।

(२) कार्यसम्पादन सम्झौताको मूल्याकंन, पुरस्कार र सजाय गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद: ५

## औषधी तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण सम्बन्धी व्यवस्था

**२३. वार्षिक खरिद योजना बनाउनु पर्ने :**

(१) आफ्नो क्षेत्र भित्र वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमान र खरिद गर्न वार्षिक खरिद योजना बनाई स्वीकृत गराउनु पर्नेछ ।

(२) वार्षिक खरिद योजना स्वास्थ्य शाखाको सहयोगमा खरिद इकाईले तयार गर्नेछ ।

**२४. औषधी तथा स्वास्थ्य उपकरण खरिद**

(१) औषधी तथा स्वास्थ्य उपकरणको खरिदका लागि गाउँपालिका स्वास्थ्य शाखाले प्रक्रिया अघि वढाउने छ ।

(२) औषधी तथा स्वास्थ्य उपकरणको खरिद कार्यमा सार्वजनिक खरिद ऐन र विषयगत स्थानीय कानुनहरुको प्रावधान अनुसार गर्नुपर्ने छ ।

**२५. औषधी तथा स्वास्थ्य उपकरणको भण्डारण**

(१) खरिद गरिएको औषधी तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको व्यवस्था गाउँपालिका स्वास्थ्य शाखाले मिलाउने छ ।

(२) स्वास्थ्य उपकरण र औषधीको खरिद त्रैमासिक रुपमा गर्नुपर्ने छ । खरिदको परिमाण निर्धारण सम्बन्धित वडा समितिले माग गरे बमोजिम नबढाईकन गर्नुपर्ने छ ।

(३) गाउँपालिकाले खरिद गरेको उपकरण र औषधीको कुल परिमाण र मूल्य खरिद मितिको १ हप्ताभित्र सार्वजनिक गर्नु पर्नेछ ।

(४) सम्बन्धित सामुदायिक स्वास्थ्य संस्थाले गाउँपालिकाबाट प्राप्त गरेको उपकरण र औषधी तथा औषधी वितरण सम्वन्धी विस्तृत विवरण त्रैमासिक रुपमा सार्वजनिक गर्ने र सम्वन्धित वडा समिति मार्फत गाउँपालिकामा बुझाउनु पर्नेछ ।

## परिच्छेद ६

## स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर, सामाजिक सुरक्षा अनुगमन सम्बन्धी व्यवस्था

Scanned with CamScanner

२६. स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर तोक्न सक्ने

(१) गाउँपालिकाले स्थानीय स्तरमा सञ्चालित चिकित्साकीय उत्पादन र स्वास्थ्य सेवाहरुको न्यूनतम मूल्य र गुणस्तर निर्धारण गर्न सक्नेछ । स्थानीय स्वास्थ्य अनुगमन समिति मार्फत निर्धारित गुणस्तर र मूल्य भए नभएको अनुगमन गरी सो अनुरुप कार्य गराउन निर्देशन दिनेछ ।

२७. सामाजिक सुरक्षा कार्यक्रम संचालन तथा व्यवस्थापन

(१) गाउँपालिकाले राष्ट्रिय र प्रादेशिक नीति अनुसार स्वास्थ्य वीमा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न आवश्यक सहजिकरण, जनचेतनाका कार्यक्रम तथा अभियानहरु संचालन तथा व्यवस्थापन गर्नेछ ।

(२) आवश्यकता अनुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरु निर्माण गरी संचालन तथा व्यवस्थापन गर्नुपर्नेछ ।

(३) विपन्न र लक्षित वर्गको पहिचान गरी कार्यपालिकाको निर्णयबाट विपन्न र लक्षित वर्ग लाइ नि:शुल्क स्वास्थ्य वीमामा आवद्द गराइने छ ।

(४) यस मोहन्याल गाउँपालीका भित्र बसोवास गर्ने सम्पुर्ण व्यक्ति, परिवार लाइ स्वास्थ्य वीमामा आवद्द गराइने छ ।

२८. सरसफाई र स्वच्छताका लागि अनुगमन तथा नियमन

(१) स्वस्थ खानेपानी र खाद्य पदार्थको गुणस्तर एवं वायु तथा ध्वनी प्रदुषण नियन्त्रण गर्न स्वास्थ्य अनुगमन समितिले आवश्यक व्यवस्था मिलाउनेछ ।

(२) प्रदुषण बढाउने उद्योग, संस्थान वा व्यक्तिलाई सो सम्वन्धी सचेत गराउन र सोबाट पर्न जाने हानी नोक्सानीको क्षतिपूर्ति गराउन सिफारिस गर्न सक्नेछ ।

(३) सिफारिस बमोजिम स्थानीय कार्यपालिकाले, दण्ड जरिवाना तथा अन्य कारवाही सम्बन्धी व्यवस्था मिलाउन सक्नेछ ।

परिच्छेद ७

महामारी रोगथाम, फोहोरमैला व्यवस्थापन सम्बन्धी व्यवस्था

२९. रोग तथा रोगीहरुको अभिलेख राख्नु पर्ने

(१) स्थानीय स्तरमा कुनै नागरिकलाई सरुवा रोग लागेमा सो को जानकारी २४ घण्टा भित्र नजिकको सामुदायिक स्वास्थ्य संस्था वा स्वयंसेविकालाई टिपोट गराउनु पर्नेछ ।

(२) कसैलाई नसर्ने रोग लागेमा सो को जानकारी ५ दिन भित्र नजिकको स्वास्थ्य संस्था वा स्वास्थ्य स्वयंसेविकालाई टिपोट गराउनु पर्नेछ ।

(३) टिपोट गराइएका रोगीहरुको विवरण सम्बन्धित स्वास्थ्य संस्थाहरुले मासिक रुपमा वडा समिति र गाउँपालिकाको स्वास्थ्य सूचना प्रणालीमा दाखिला गराउनु पर्नेछ ।

३०. महामारी रोकथाम तथा नियन्त्रण गर्न अभियान संचालन गर्नुपर्ने

Scanned with CamScanner

(१) स्थानीय स्तरमा रोगको महामारी फैलिएमा गाउँपालिकाले प्रभाव क्षेत्र निक्यौंल गरी विद्यालयहरु बन्द, गर्न अस्थायी रुपमा वस्ती खाली गर्न वा अन्यत्रका सर्वसाधारणलाई भ्रमणमा प्रतिवन्ध समेत लगाउन सक्नेछ ।

(२) यस्तो परिस्थितिमा महामारीबाट थप क्षति हुन नदिन आवश्यक सर्तकता अपनाउने, आवश्यक जनशक्ति परिचालन गर्ने र थप जनशक्तिको लागि छिमेकी स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारमा अनुरोध गरी प्रभावकारी परिचालन गर्नुपर्नेछ ।

## ३१. सूर्ती, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमन

(१) सुर्ती तथा मदिराजन्य पदार्थ बिक्री वितरणको लागि गाउँपालिकाबाट छुट्टै अनुमती लिनु पर्नेछ ।

(२) स्थानिय तह अन्तर्गत सन्चालित फार्मेसी, मेडीकलले सुर्ती तथा मदिराजन्य पदार्थ बिक्री वितरण गर्न बन्देज लगाइने छ ।

(३) खाद्य पदार्थ बिक्रि गर्ने पसलमा सुर्ती तथा मदिराजन्य पदार्थ बिक्रि वितरण गर्न बन्देज लगाइने छ ।

(४) सुर्ती, मदिरा र लागू पदार्थजन्य वस्तुको बिक्री वितरण र प्रयोगमा नियन्त्रण गर्न निषेधित र खुल्ला क्षेत्रहरु तोक्न सक्नेछ । विद्यालय, सरकारी कार्यालय, हाट बजार जस्ता क्षेत्रहरुको निश्चित दुरी भित्र धुम्रपान र मदिरापान निषेध गर्नेछ ।

(५) खाद्य पदार्थसँगै सुर्ती तथा मदिराजन्य पदार्थ बिक्रि वितरण गरेमा, निषेधित क्षेत्रमा धुम्रपान र मदिरा सेवन गरेमा स्थानीय प्रशासनको सहयोगमा गाउँपालिकाले कारवाही गर्न सक्नेछ ।

(६) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुले सुर्ती वा मदिराजन्य खाद्य पदार्थ सेवन गर्न निषेध गरिनेछ । सेवन गरेको पाएमा कानुन बमोजिम कारवाही गरिनेछ ।

## ३२. सरसफाई सम्बन्धि कार्यक्रम तथा फोहोर मैला व्यवस्थापन

(१) गाउँपालिका स्वास्थ्य शाखाले घरेलु तथा सामुदायिक सरसफाईका मापदण्ड तयार गरी प्रत्येक आर्थिक वर्षको पहिलो महिना भित्र कार्यपालिका वैठकबाट अनुमोदन गराउनु पर्ने छ ।

(२) यसरी अनुमोदन भएको मापदण्डलाई वडा कार्यालय र स्वास्थ्य संस्थाले महिला स्वयंसेविकाहरु परिचालन गरी सबै घरपरिवार सम्म वितरण गर्ने छन् ।

(३) घर निर्माण गर्दा शौचालयको फोहर व्यवस्थापन गर्ने विधि र घरेलु फोहर विसर्जन गर्ने स्थानको अनिवार्य व्यवस्था भएको हुनुपर्ने छ ।

(४) एक परिवारको शौचालय, ढल र फोहरमैला व्यवस्थित नभएको कारण अर्को परिवारमा हानी नोक्सानी पर्न गएमा सोको क्षतिपूर्ति हानी पुऱ्याउने उपर परिवारले तिर्नुपर्ने छ ।

(५) शहरी तथा अर्धशहरी क्षेत्रमा निष्कासित फोहरमैला पुनः प्रयोग गरी कम्पोष्ट मल बनाइएको अवस्थामा गाउँ कार्यपालिकाले प्रोत्साहन रकम प्रदान गर्न सक्नेछ ।

Scanned with CamScanner

परिच्छेद ८

विविध

**३३. प्राईभेट मेडिकल कलेज, अध्ययन संस्थान र ठूला अस्पताल सञ्चालनका लागि सिफारिस**

(१). राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप निजीस्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन संस्थान, अस्पताल तथा निदान केन्द्र स्थापनाका लागि सम्बन्धित वडा र गाउँपालिकाबाट सिफारिस लिनुपर्ने छ ।

(२) उपदाफा (१) बमोजिमको सिफारिस लिँदा वातावरणीय प्रभाव अध्ययन गरी स्थानीय स्तरमा पर्ने नकारात्मक प्रभावहरुको न्युनीकरणका लागि कार्यक्रम र बजेट प्रस्ताव गरिएको हुनु पर्नेछ ।

(३) सिफारिसका लागि गाउँपालिकाको आर्थिक ऐनले तोके बमोजिमको राजश्व दस्तुर बुझाउनु पर्नेछ ।

(४) गाउँपालिका क्षेत्र भित्र कार्यरत स्वास्थ्य र सरसफाई सम्बन्धी संस्थाहरुले आफ्नो प्रगती विवरण त्रैमासिक रुपमा गाउँपालिका समक्ष बुझाउनु पर्नेछ ।

(५) गाउँपालिकाले आधारभूत स्वास्थ्य तथा सरसफाई सेवा प्रदान गर्नका लागि तिनीहरुबाट औषधी, उपकरण, विशेषज्ञ सीपहरुको सहायता प्राप्त गर्न सक्नेछ ।

**३४. राष्ट्रिय तथा प्रादेशिक अभियानलाई सघाउ पुऱ्याउनु पर्ने:**

स्वास्थ्य सेवा सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय मापदण्ड पुरा गर्न संघीय तथा प्रदेश सरकारले संचालन गरेको अभियानलाई गाउँपालिका स्वास्थ्य शाखाले समन्वय गर्ने छ ।

३५. आमा समूह, धामी झाँक्री र आम्ची सेवाको अभिलेख अद्यावधिक गरी तिनीहरुको क्रियाकलापलाई स्वास्थ्य शाखाले अनुगमन र नियमन गर्नेछ । स्वास्थ्य केन्द्र, आयूर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्र, गाउँपालिकामा विस्तार गरिनेछ ।

**३६. कर्मचारीहरुको काम र कर्तव्य**

क) कर्मचारीहरुले तोकिएको समयमा कार्यालयमा आउने र कार्यालयबाट फर्कनु पर्नेछ ।

ख) एक जना पारामेडिक्स र एक जना नर्सिंग कर्मचारी स्वास्थ्यमा अनिवार्य रहने गरी बाँकी रहेका कर्मचारीहरुलाई समुदायमा पठाउनु पर्नेछ ।

ग) समुदायमा पठाउँदा पालो पालो प्रणाली लागु गर्नु पर्नेछ ।

घ) समुदायमा जाने कर्मचारीहरुले लक्षित समुहलाई सेवा दिई त्यसको विवरण आफनो संस्थामा बुझाउनु पर्नेछ ।

ङ) संस्थालाई आवश्यक परेको बेला समुदायमा खटिएका कर्मचारीहरुलाई प्रमुखले संस्थामा बोलाउन सक्नेछ ।

च) कर्मचारीहरुलाई डायरी र झोला र कलमको व्यवस्था गरिनेछ । आफुले दिएको सेवाको टिपोट अनिवार्य डायरीमा लेख्नु पर्नेछ ।

छ) डायरीलाई अनुगमनकर्ताले समय समयमा अनुगमन गर्नु पर्नेछ ।

ज) डायरी सकिएको अवस्थामा डायरी सकिएको प्रमाणित गरी पत्र पठाएमा नयाँ डायरी उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

Scanned with CamScanner

गौरीगंगा? 

भ) उत्कृष्ट स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीलाई पुरस्कारको व्यवस्था गरिनेछ । उत्कृष्ट स्वास्थ्य संस्था र स्वास्थ्यकर्मी कामको मापदण्ड अनुसार छनौट हुनेछ ।

**३७. पुनरावेदन :**

तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानुन वमोजिम पुनरावेदन लाग्नेछ ।

**३८. नियम बनाउने अधिकार :**

(१) यस कार्यविधि कार्यान्वयनको लागि गाउँ कार्यपालिकाले आवश्यक निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

**३९. बाधा अडकाउ फुकाउने अधिकार :**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा-अड्काउ परेमा गाउँपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ । तर यस्तो आदेश गाउँ कार्यपालिकाले ६ महिना भित्र अनुमोदन नगरेमा स्वतः निष्कृय हुनेछ ।

**४०. बचाउ र लागु नहुने :**

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) संविधानसँग बाझिएको यस ऐनका दफा तथा उपदफाहरु बाझिएको हद सम्म स्वतः खारेज हुनेछ ।

Scanned with CamScanner